लुम्बिनी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

# डिभिजन वन कार्यालय दाङ (दाङ)

## घोराही, दाङ

पाना नं.-१

( दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/११/११)

यस कार्यालयको कार्य क्षेत्र अन्तर्गत पर्ने जलश्रोत तथा सिचाई विकास कार्यालय तुलसीपुर दाङको परिसरमा कटान गरी घाटगद्दी गरिएको काइयो, सिरिस समेत गोलिया थान ९५ को ६५७.४० घ.फि.काठ १ लटमा कायम गरी जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी शिलबन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नु पर्ने भएको हुँदा यो सुचना प्रकाशित गरिएको छ । वन नियमावली, २०७९ को नियम १२८(१) वमोजिम सूचिकृत भई नियम (५) बमोजिम अद्यावधिक भएका ईच्छुक फर्म वा कम्पनीले नयाँ युगवोध राष्ट्रिय दैनिक पत्रिकामा यो सुचना प्रकाशित भएको मितिले देहायमा उल्लेखित शर्तहरुको अधिनमा रही १५(पन्ध्र) दिन कार्यालय समय भित्र डिभिजन वन कार्यालय दाङ (दाङ) घोराही वा वन निर्देशनालय वुटवल रुपन्देहीबाट बोलपत्र खरिद गरि १६ औ दिनको १२.०० बजे भित्र डिभिजन वन कार्यालय दाङ(दाङ) घोराहीमा शिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

देहाय

१. वन पैदावारको विवरणः

| वन पैदावारको विवरण | | | | | | | न्यूनतम | | काठको संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | धाङ नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि.) | दररेट | मूल्य (रु) | | |
| ९/२०८२/०८३ तुलसीपुर | धाङ नं. १ | काइयो | गोलिया | | ५७ | २८४.०० | १०० | २८४००.०० | १०७१५६.२ | जलश्रोत तथा सिचाई विकास कार्यालय परिसर |
| | | गोल्डमोहर | गोलिया | | ९ | ३३.३० | १०० | ३३३०.०० | | |
| | | सिरिस | गोलिया | A | १३ | २८१.४० | ३०० | ८४४२०.०० | | |
| | | सिरिस | गोलिया | B | १६ | ५८.७० | २०० | ११७४०.०० | | |
| | | | | जम्मा | ९५ | ६५७.४० | | १२७८९०.०० | १०७१५६.२० | |

२. वोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति, समय र स्थानः

(क) अन्तिम मिति : २०८२/११/२५ गते (ख) समय : कार्यालय समय भित्र

(ग) स्थानः डिभिजन वन कार्यालय, दाङ्ग (दाङ), घोराही वा वन निर्देशनालय, वुटवल , रुपन्देही ।

३. वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति, समय र स्थानः

(क) अन्तिम मितिः २०८२/११/२६ गते ख) समय : दिनको १२:०० बजे सम्म ।

(ग) स्थानः डिभिजन वन कार्यालय, दाङ्ग (दाङ), घोराही दाङ्ग ।

४. बोलपत्र फारम को लागि रु१०००।- (पछि फिर्ता नहुने गरी) डिभिजन वन कार्यालय दाङ्ग (दाङ), घोराहीको कार्यालय कोड नं. ३२९०१५६०१५, नेपाल वैंक लिमिटेड दाङको वैंक खाता नं.२७४०२००००१००१००००१, राजश्व शिर्षक नं.१४२२९ मा जम्मा गरी डिभिजन वन कार्यालय दाङ (दाङ) घोराही वा वन निर्देशनालय वुटवलबाट खरिद गर्न सकिनेछ ।

५. बैंक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना अवधि सम्मको लागि मान्य हुनु पर्नेछ ।

६. बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम को.ले.नि.का. दाङ्गको नेपाल बैंक लिमिटेड, दाङ्गमा रहेको खाता नं. ०२७०२००००२००३००००१ (धरौटी) खातामा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ । धरौटी वा अन्य कारण देखाई कुनै पनि नगद रकम बोलपत्र साथ पेश गर्न पाईने छैन। यसरी नगद रकमको धरौटी पेश भएमा वोलपत्र स्वतः अमान्य हुनेछ ।

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय दाङ (दाङ)

## घोराही, दाङ



७. वन पैदावार कार्यालय खुलेको समय भित्र घाटगद्दी स्थल पुरन्धारा सव डिभिजन वन कार्यालयको परिसर र जलश्रोत तथा सिचाई विकास डिभिजन कार्यालयमा गई हेर्न सकिने छ।

८. ठेक्का बन्दोबस्त सिलबन्दी बोलपत्रमा भाग लिन ईच्छुक कम्पनी वा फर्मले फर्मदर्ता प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, नविकरण प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी, वन नियमावली २०७९ को नियम १२८(१) र (५) वमोजिम उधोग सुचिकृत/ अद्यावधिकको प्रमाण पत्रको प्रतिलिपी र आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

९. निर्धारित गरिएको न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/११/२६ गते दिनको २.०० बजे डिभिजन वन कार्यालय, दाङ्ग (दाङ), घोराहीमा बोलपत्र दाताको प्रतिनिधी वा साक्षीहरुको रोहवरमा खोलिने छ ।बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएमा वोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

१० सिलबन्दी बोलपत्र सम्बन्धि कागजातहरु खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै भोली पल्ट कार्यालय खुलेको दिनमा उल्लेखित कार्य हुनेछ ।

११. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १५ (पन्ध्र) दिनभित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्धि कर, अग्रीम आय कर र नियमानुसार लाग्ने राजश्व तिरी जे जस्तो अवस्थामा छ सोही अवस्थामा अफ्नै खर्चमा ४५ दिन भित्र उठाई लैजानु पर्नेछ ।

१२. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नुपर्छ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईने छ

१३. बोलपत्र स्विकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।

१४. माथी उल्लेख गरेको शर्तहरु बाहेक बोलपत्रमा कुनै पनि भाषा वा अक्षर वा शर्त उल्लेख गर्न पाईने छैन । तर एउटा फर्मले एकमुष्ट धरौटी राखी कुनै एक लटमा सक्कल र अन्य प्लटमा फोटोकपी राखेको भए उक्त कुरा बोलपत्रमा लेख्न मिल्ने छ ।

१५. यस सूचनामा उल्लेखित कुनै शर्तहरु/कुराहरु प्रचलित कानुनसँग वाझिएको हकमा प्रचलित कानुन वमोजिम हुनेछ । सूचनाको अवधि भित्र सूचनामा उल्लेखित विषयसँग सम्वन्ध राख्ने उक्त कुरा कानुनद्धारा संशोधन भएमा त्यस कुराको हकमा संशोधित कानुन वमोजिम स्वतः हुनेछ ।

१६. उल्लेख हुन छुट भएका बुँदाको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

नि. डिभिजनल वन अधिकृत

# डिभिजन वन कार्यालय दाङ (दाङ)

घोराही, दाङ

## जलश्रोत तथा सिंचाई विकास कार्यालयको परिसरमा रहेका रुख संकलन गरी घाटगद्दीमा रहेको काठ लिलाम बिक्री सम्बन्धी सूचना !

(दोस्रो पटक सूचना प्रकाशित मिति- २०८२/११/११)

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गतको आ.व. ०८१/०८२ मा जलश्रोत तथा सिंचाई विकास कार्यालय तुलसीपुर, दाङको कार्यालय परिसरमा कटान गरी कार्यालय परिसरमै घाटगद्दी गरिएको काइयो, सिरिस, समेत गोलिया थान ९५ को ६५७.४० घ.फि.काठ १ लटमा कायम गरी शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएको हुँदा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सूचिकृत इच्छुक फर्म, कम्पनीले डिभिजन वन कार्यालय दाङ (दाङ) घोराही वा वन निर्देशनालय बुटवलबाट बोलपत्र खरिद गरि १६ औं दिनको १२.०० बजेभित्र डिभिजन वन कार्यालय दाङ (दाङ)मा शिलवन्दी बोलपत्र पेश गर्न आयकर, मु.अ.कर तथा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाणपत्र भएको सूचिकृत काठ सम्बन्धी कारोबार गर्ने फर्म वा संस्थालाई आह्वान गरिएको छ । यस सम्बन्धी विस्तृत सूचना कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ। यस सम्बन्धमा कुनै जानकारी चाहिए कार्यालय समयभित्र डिभिजन वन कार्यालय दाङ (दाङ) घोराहीमा सम्पर्क राख्न सकिनेछ ।

**नि.सिनियर डिभिजनल वन अधिकृत**